*पेरूको लिमामा सन् २००९ को नोभेम्बर ४ देखि ७ तारिखसम्म सम्पन्न पुनर्स्थापकीय बाल न्यायसमन्बन्धी प्रथम विश्व सम्मेलन (First World Congress on Restorative Juvenile Justice) द्वारा पारित घोषणापत्रको Nepal Forum for Restorative Justice ले तयार पारेको नेपाली अनुवाद :*

# पुनर्स्थापकीय बाल न्यायसम्बन्धी लिमा घोषणापत्र

## Lima Declaration on Restorative Juvenile Justice

## पुनर्स्थापकीय बाल न्याय

### क. पुनर्स्थापकीय बाल न्यायको अवधारणा

पुनर्स्थापकीय बाल न्याय भनेको कानुनको विवादमा परेका बालबालिकाले कसूर गरेपछिको स्थितिमा सो कसुरबाट हुन पुगेको व्यक्तिगत, सम्बन्धगत र सामाजिक क्षतिलाई पूरण हुने गरी बालबालिकालाई व्यवहार गर्ने पद्दति हो । यसको निम्ति एक प्रक्रिया आवश्यक हुन्छ जहाँ पीडक बालक, पीडित र सम्भव भएसम्म समुदायका सदस्य तथा व्यक्तिहरू सँगसँगै सक्रियतापूर्वक सहभागी भई कसूरबाट सिर्जित समस्यालाई सम्बोधन गर्दछन् । यस्तो पुनर्स्थापकीय न्याय प्रक्रिया अभ्यास गर्ने एउटै मात्र ढाँचा छैन ।

विभिन्न राष्ट्रका अनुभवमा पुनर्स्थापकीय बाल न्यायलाई मध्यस्थता, पारिवार समूह भेला, सजाय भेला तथा संस्कृतिसापेक्ष अन्य तरिकाहरूमा अभ्यास गरिएको देखिन्छ ।

सम्भव भएसम्म, पुनर्स्थापकीय बाल न्यायसम्बन्धी नीतिहरू समाजमा भएगरेका पारम्परिक तथा हानीविहिन अभ्यासहरूमा आधारित हुनुपर्दछ जुन कानुनको विवादमा परेका बालबालिकाको व्यवहारसँग जोडिएका हुन्छन् ।

यस प्रक्रियाको परिणाममा परिपूरण, प्रत्यायन तथा सामुदायिक सेवाजस्ता कार्यक्रमहरू पर्दछन् जसबाट घटनाका पक्षका व्यक्तिगत तथा सामुहिक आवश्यकता र कर्तव्यहरू पूरा हुन्छन् साथै पीडित र पीडकलाई पुनर्स्थापन गर्न सकिन्छ ।

पुनर्स्थापकीय बाल न्याय केवल साना कसूर वा पहिलो पटक कसूर गर्नेहरूमा मात्र सीमित गरिनु हुँदैन । अभ्यासहरूबाट के देखिन्छ भने पुनर्स्थापकीय बाल न्यायले गम्भीर अपराधहरूमा पनि महत्वपूर्ण भूमिका खेल्दछ । उदाहरणको लागि, धेरैजसो सशस्त्र द्वन्द्वहरूमा बालबालिकालाई बालसेनाको रुपमा प्रयोग गरिएको हुन्छ र उनीहरूलाई आफ्नै परिवारका सदस्य, आफ्नै छिमेकी र समुदायहरूप्रति अत्यन्त जघन्य अपराधहरू गर्न बाध्य पारिन्छ । यस्ता युद्धग्रस्त समाजमा पुनर्स्थापकीय न्याय एक उपाय हुनपुग्छ जसबाट पीडक र पीडितबीच मिलन/मेलमिलाप गराउन सकिन्छ । यस्ता समाजमा पीडितहरू जस्तै बाल कसूरदारहरू पनि प्रताडित भएका हुन्छन् किनकी उनीहरूलाई कसूर गर्न बाध्य पारिएको हुन्छ । त्यसैले, विना मिलन/मेलमिलाप यी बालसेनालाई समाजमा पुनर्स्थापन गराउन असम्भवप्राय: